श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. १३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) (पहिलो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) दफा १ तुरून्त प्रारम्भ हुनेछ र अन्य दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछन् ।

२. स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा २ मा संशोधन: स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ (यसपछि "मूल ऐन" भनिएको ) को दफा २ को,–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) "निर्वाचन" भन्नाले गाउँ सभाको सदस्य, गाउँ पञ्चायतको प्रधानपञ्च, उप-प्रधानपञ्च वा सदस्य, नगर सभाको सदस्य, नगर पञ्चायतको प्रधान-पञ्च, उप-प्रधानपञ्च वा सदस्य, जिल्ला सभाको सदस्य वा जिल्ला पञ्चायतको सभापति, उप-सभापति वा सदस्यको लागि हुने निर्वाचन सम्झनुपर्छ ।"

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) "मतदाता" भन्नाले देहायका पदको निर्वाचनमा देहायका व्यक्तिहरू सम्झनुपर्छः–

(१) गाउँ सभाको सदस्य पदको हकमा गाउँ पञ्चायत क्षेत्रका सम्बन्धित वडाका एक्काईस वर्षको उमेर पूरा गरेका र मगज नबिग्रेका नेपाली नागरिकहरू,

(२) गाउँ पञ्चायतको सदस्य पदको हकमा गाउँ सभाको सदस्यहरू,

(३) गाउँ पञ्चायतको प्रधानपञ्च र उप-प्रधानपञ्च पदको हकमा गाउँ पञ्चायतका सदस्यहरू,

(४) नगर सभाको सदस्य पदको हकमा नगर पञ्चायत क्षेत्रका सम्बन्धित वडाका एक्काईस वर्षको उमेर पूरा गरेका र मगज नबिग्रेका नेपाली नागरिकहरू,

(५) नगर पञ्चायतको सदस्य पदको हकमा नगर सभाका सदस्यहरू,

(६) नगर पञ्चायतका प्रधानपञ्च र उप-प्रधानपञ्च पदको हकमा नगर पञ्चायतका सदस्यहरू,

(७) जिल्ला सभाको सदस्य पदको हकमा नगर पञ्चायतका सदस्यहरू,

(८) जिल्ला पञ्चायतको सदस्य पदको हकमा जिल्ला सभाका सदस्यहरू, र

(९) जिल्ला पञ्चायतका सभापति र उप-सभापति पदको हकमा जिल्ला पञ्चायतका सदस्यहरू ।"

(३) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) "उमेदवार" भन्नाले देहायका पदको लागि निर्वाचनमा खडा हुने देहायका व्यक्ति सम्झनुपर्छः–

(१) गाउँ सभाको सदस्यताको निमित्त गाउँ पञ्चायत क्षेत्रका सम्बन्धित वडाका मतदाता,

५CC

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) गाउँ पञ्चायतको सदस्यताको निमित्त सम्बन्धित वडाका गाउँ सभाको सदस्य,

(३) गाउँ पञ्चायतको प्रधानपञ्च र उप-प्रधानपञ्चको निमित्त गाउँ पञ्चायतको सदस्य,

(४) नगर सभाको सदस्यताको निमित्त नगर पञ्चायत क्षेत्रको सम्बन्धित वडाका मतदाता,

(५) नगर पञ्चायतको सदस्यताको निमित्त सम्बन्धित वडाका नगर सभाका सदस्य,

(६) नगर पञ्चायतका प्रधानपञ्च र उप-प्रधानपञ्चको निमित्त नगर पञ्चायतको सदस्य,

(७) जिल्ला सभाको सदस्यताको निमित्त सम्बन्धित नगर पञ्चायतका सदस्य,

(८) जिल्ला पञ्चायतको सदस्यताको निमित्त सम्बन्धित जिल्ला सभाको सदस्य, र

(९) जिल्ला पञ्चायतको सभापति र उप-सभापतिको निमित्त जिल्ला पञ्चायतको सदस्य ।"

३. मूल ऐनको दफा ३ मा संशोधन: मूल ऐनको दफा ३ को उप-दफा (१) र (२) मा रहेको "रिटर्निङ्ग अधिकृत र" भन्ने शब्दहरू र सोही दफाको उप-दफा (३) मा रहेको "रिटर्निङ्ग अधिकृत वा" भन्ने शब्दहरू झिकिएका छन् ।

४. मूल ऐनमा दफा ५ क. र ५ ख. थप: मूल ऐनको दफा ५ पछि देहायको दफा ५ क. र ५ ख. थपिएका छन्:—

"५क. मतदाताको उमेरको गणना: गाउँ सभा र नगर सभाको निर्वाचनको लागि मतदाताको उमेरको गणना गर्दा दफा ५ बमोजिम मतदाता नामावली प्रकाशित भएको मितिसम्ममा एक्काईस वर्षको उमेर पूरा गरेको हुनु पर्नेछ ".

"५ ख. उमेदवारको अयोग्यता: (१) देहायको व्यक्ति निर्वाचनमा उमेदवार हुन योग्य हुने छैन:—

(क) मगज बिग्रेको,

(ख) लाटो,

(ग) साहूको दामासाहीमा परेको,

(घ) बहालवाला सरकारी कर्मचारी,

(ङ) श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थाको बहालवाला कर्मचारी,

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) कुनै तहको पञ्चायतको बहालवाला कर्मचारी,

(छ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा दोषी प्रमाणित भए बापत छ महीनाभन्दा बढी कैदको सजाय भई सो कैदको सजाय भोगी सकेको मितिले पाँच वर्ष भुक्तान नभएको,

(ज) निर्वाचनसम्बन्धी अपराधमा अदालतबाट भएको कैदको सजाय भोगी सकेको मितिले एक वर्षको अवधि भुक्तान नभएको,

(झ) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले निर्धारण गरेको योग्यता नपुगेको आधारमा गाउँ सभा, गाउँ पञ्चायत, नगर सभा र नगर पञ्चायतको निर्वाचनको हकमा गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति वा सो नभए गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले र जिल्ला सभा र जिल्ला पञ्चायतको निर्वाचनको हकमा गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले उमेदवारी अनुमोदन नगरेको,

(ञ) कुनै कानूनले अयोग्य भएको ।

(२) संघ संस्था (नियन्त्रण गर्ने) ऐन, २०१९ वा राजकाज (अपराध र सजाय) ऐन, २०१९ अन्तर्गत कुनै अदालतको फैसलाबाट कैदको सजाय पाएको व्यक्तिले सो सजाय भोगी सकेको मितिले दुई वर्षसम्म निर्वाचनमा उमेदवार हुन पाउने छैन ।"

५. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छः–

"(२) उप-दफा (१) बमोजिम दरखास्त प्राप्त भएपछि निर्वाचन अधिकृतले सो दरखास्त रीतपूर्वकको छ छैन हेरी रीतपूर्वकको भए दर्ता गरी त्यसको निस्सा दरखास्तवा वा निजको वारीसलाई दिनुपर्छ । रीत नपुगेको दरखास्तमा जे जति रीत नपुगेका हो सो सच्याउन मौका दिनुपर्छ । यसरी सच्याउन मौका दिंदा दरखास्तमा प्रस्तावक वा समर्थक दोहोरिएको वा कुनै उमेदवार नै प्रस्तावक वा समर्थक भएको रहेछ भने सो कुराको उल्लेख गरी सच्याउने मौका दिनु पर्नेछ । दरखास्तवालाले सच्याउन नचाहेमा सो व्यहोरा दरखास्तमा जनाई त्यसको सूचना दरखास्तवालालाई दिनु पर्नेछ ।"

६. मूल ऐनमा १० क. थपः मूल ऐनको दफा १० पछि देहायको दफा १० क. थपिएको छः–

"१०क. उमेदवारको बिरोध गर्नेः दफा १० बमोजिम उमेदवारको नामावली प्रकाशित भएपछि निर्वाचन अधिकृतले तोकेको म्यादभित्र उमेदवारको योग्यताको सम्बन्धमा अन्य उमेदवारले बिरोध गरी उजूरी दिन सक्नेछ र त्यसरी उजूरी पर्न आएमा निर्वाचन अधिकृतले सम्बन्धित उमेदवारलाई आफ्नो सफाइ पेश गर्ने मौका दिई तुरुन्त छानबीन गरी निर्णय दिनु पर्नेछ ।"

४५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल ऐनको दफा १६ मा संशोधन: मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ:–

"१६. संकटकालमा मतदान स्थगित गर्ने: कुनै मतदान केन्द्रमा हूलदंगा भई वा कुनै प्राकृतिक विपद परी वा अरू कुनै कारणले गर्दा मतदान कार्य संचालन हुन नसक्ने भएमा निर्वाचन अधिकृतले सो दिनको कार्य स्थगित गरी साधारणतया त्यसको भोलिपल्टै सो केन्द्रको मतदानकार्य सम्पन्न गर्नु पर्नेछ । त्यसरी स्थगित भएको र अर्को दिन मतदान कार्य सम्पन्न भएको कुराको सूचना निर्वाचन अधिकृतले तुरून्त निर्वाचन आयोगमा पठाउनु पर्नेछ ।"

८. मूल ऐनको दफा २३ मा संशोधन: मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छ:–

"२३. निर्वाचनको परिणामको घोषणा: (१) मतगन्ती सकिने बित्तिकै निर्वाचन अधिकृतले प्रत्येक उमेदवारले पाएको मतको कुल संख्या चढाई परिणाम तालीका तयार गर्नेछ र उप-दफा (२) र (३) बमोजिम निर्वाचनको परिणाम घोषणा गर्नेछ र त्यसको सूचना निर्वाचन आयोगमा तुरून्त पठाउनेछ ।

(२) गाउँ पञ्चायतको प्रधानपञ्च र उप-प्रधानपञ्च, नगर पञ्चायतको प्रधानपञ्च र उप-प्रधानपञ्च तथा जिल्ला पञ्चायतको सभापति र उप-सभापतिको निर्वाचनमा सम्बन्धित पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमत प्राप्त गर्ने उमेदवार निर्वाचित हुनेछ ।

(३) गाउँ सभा, गाउँ पञ्चायत, नगर सभा, नगर पञ्चायत, जिल्ला सभा तथा जिल्ला पञ्चायतको सदस्य पदको लागि भएको मतदानमा साधारण बहुमत प्राप्त गर्ने उमेदवार निर्वाचित हुनेछ ।

तर, मतदानमा सबभन्दा बढी मत पाउने दुई वा दुईभन्दा बढी उमेदवारहरूको मत बराबर भएमा निर्वाचन अधिकृतले गोला हाली निर्णय गर्नेछ ।

(४) गाउँ पञ्चायतको प्रधानपञ्च वा उप-प्रधानपञ्च, नगर पञ्चायतको प्रधानपञ्च वा उप-प्रधानपञ्च वा जिल्ला पञ्चायतको सभापति वा उप-सभापति पदमा उमेदवार हुने व्यक्तिले उप-दफा (२) बमोजिम सम्बन्धित पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमत प्राप्त गर्न नसकेमा सो पदमा कुनै उमेदवार निर्वाचित हुनेछैन र सो पदमा प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित पञ्चायतका सदस्यहरूमध्येबाट गाउँफर्क राष्ट्रिय अभियान समितिले मनोनीत गर्नेछ ।"

९. मूल ऐनमा दफा २३ क. थप: मूल ऐनको दफा २३ पछि देहायको दफा २३ क. थपिएको छ:–

"२३ क. निर्वाचन बदर गर्न सकिने: पद नै रिक्त नभएकोमा पद रिक्त भएको सम्झी कुनै निर्वाचन अधिकृतले निर्वाचन सम्पन्न गरेको कुराको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उजूरी निर्वाचन आयोगमा परेमा निर्वाचन आयोगले आवश्यक जाँचबुझ गरी पद रिक्त नभएको ठहऱ्याएमा सो पदको लागि भएको निर्वाचन बदर गर्न सक्नेछ ।"

१०. मूल ऐनको दफा २७ मा संशोधनः (१) मूल ऐनको दफा २७ को,–

(१) उप-दफा (१) मा रहेको "गाउँ पञ्चायतको निर्वाचनमा" भन्ने शब्दहरू सट्टा "गाउँ सभा वा गाउँ पञ्चायतका निर्वाचनमा" भन्ने शब्दहरू र सोही उप-दफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेको "कुनै गाउँ पञ्चायतको सम्बन्धमा" भन्ने शब्दहरूको सट्टा "कुनै गाउँ सभा वा गाउँ पञ्चायतको सम्बन्धमा" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-दफा (२) मा रहेको "नगर पञ्चायतको निर्वाचनमा" भन्ने शब्दहरूको सट्टा "नगर सभा वा नगर पञ्चायतको निर्वाचनमा" भन्ने शब्दहरू र सोही उप-दफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेको "कुनै नगर पञ्चायतको सम्बन्धमा" भन्ने शब्दहरूको सट्टा "कुनै नगर सभा वा नगर पञ्चायतको निर्वाचनमा" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप-दफा (३) मा रहेको "गाउँ पञ्चायतको निर्वाचनको हकमा" भन्ने शब्दहरूको सट्टा "गाउँ सभा र गाउँ पञ्चायतको निर्वाचनको हकमा" भन्ने शब्दहरू र "नगर पञ्चायतको निर्वाचनको हकमा" भन्ने शब्दहरूको सट्टा "नगर सभा वा नगर पञ्चायतको निर्वाचनको हकमा" भन्ने शब्दहरू राखिएका छन् र सोही उप-दफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेको "कुनै गाउँ पञ्चायतको निर्वाचनमा" भन्ने शब्दहरूको सट्टा "कुनै गाउँ सभा वा गाउँ पञ्चायतको निर्वाचनको हकमा" भन्ने शब्दहरू र "नगर पञ्चायतको निर्वाचनमा" भन्ने शब्दहरूको सट्टा "नगर सभा वा नगर पञ्चायतको निर्वाचनमा" भन्ने शब्दहरू राखिएका छन् ।

११. मूल ऐनको दफा ३० मा संशोधनः मूल ऐनको दफा ३० को उप-दफा (२) मा रहेको रिटर्निङ्ग अधिकृत र" भन्ने शब्दहरू झिकिएका छन् ।

१२ रूपान्तरः मूल ऐनमा "पोलिङ्ग अधिकृत" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "मतदान अधिकृत" भन्ने शब्दहरू राखिएका छन् ।

१३. खारेजीः मूल ऐनको दफा २८ खारेज गरिएको छ ।

१४ स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) अध्यादेश, २०३२ निष्क्रिय भएपछि त्यसको परिणामः स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्ता कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः– २०३३।४।२८।५

आज्ञाले–
हरिप्रसाद शर्मा
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।